# लेखक/सम्पादक परिचय

**ओमप्रकाश राम**ले मधेशमा मानवअधिकारकर्मी तथा भूमि अधिकारकर्मीका रूपमा करिब एक दशकदेखि काम गर्दैआएका छन् । उनी दलित सशक्तीकरण, दलित युवा नेतृत्व, लैंगिक समानता लगायतका सामाजिक समावेशीकरण क्षेत्रमा क्रियाशील रही रणनीतिक योजना तर्जुमा गर्छन् र प्रशिक्षण दिन्छन् । यस बाहेक जातीय विभेदका घटनाहरूमा सामाजिक तथा कानूनी न्यायका लागि आवाज उठाउँछन् । इमेल : omdlrfrautahat@gmail.com

त्रिवि, मानवशास्त्र केन्द्रीय विभागमा एमफिल अध्ययनरत **कुसुमलता तिवारी**ले सीमान्तकृत समुदाय, लैंगिक सम्बन्ध, दलित र विपद् आदि विषयमा अनुसन्धान गरेकी छन् । उनका प्राज्ञिक लेख *मधेश अध्ययन* र *कन्टेम्पररी नेपाली सोसाइटी एण्ड कल्चरल एन्थ्रोपोलोजी* जस्ता जर्नलमा प्रकाशित भएका छन् । ईमेल : latatiwari116@gmail.com

**गुन्जन राय** (गुन्जा) ले स्वतन्त्र अनुसन्धानकर्ता, मेलमिलापकर्ता तथा प्रशिक्षकका रूपमा करिब डेढ दशकदेखि मधेशमा आधारित रहेर काम गर्दैआएकी छन् । उनी मेलमिलाप, युथ लिडरशिप, महिला सशक्तीकरण, कानूनी सचेतना, बालमैत्री स्थानीय शासन लगायतका विषयमा प्रशिक्षण दिन्छिन् । उनी लैंगिक समानता तथा सामाजिक समावेशीकरण विज्ञका रूपमा पनि परिचित छिन् । यस बाहेक समाजमा हुने विभिन्न घटनाहरूमा सामाजिक न्याय तथा कानूनी न्यायका लागि सामाजिक अभियन्ताको रूपमा उनको बलियो उपस्थिति रहँदै आएको छ ।

**गोपाल ठाकुर**ले त्रिभुवन विश्वविद्यालयबाट सन् २०२० मा भाषाविज्ञानमा “भोजपुरी व्याकरण” माथि विद्यावारिधि गरेका छन् । शिक्षण, प्राध्यापन एवं रेडियो पत्रकारिताको अनुभवप्राप्त ठाकुर गीतकार, जनगायक, भाषिक अधिकारकर्मी तथा संस्कृतिकर्मीको रूपमा

परिचित छन् । कक्षा १ देखि कक्षा १० सम्मका भोजपुरी पाठ्यक्रम र पाठ्यपुस्तकका लेखन-सम्पादन सहित कक्षा ११–१२ को ऐच्छिक भोजपुरी विषयको पाठ्यक्रम निर्माणमा पनि उनको मुख्य भूमिका छ । उनी भोजपुरीको बहुभाषिक शब्दकोशको मुख्य सम्पादक पनि हुन् । मूलतः अनुसन्धानात्मक लेख-रचनाहरूमा उनको विशेष अभिरुचि छ । उनी २०६५–२०६९ मा पहिलो संविधान सभाका सदस्य पनि हुन् । इमेल : gthakurvk@gmail.com

अंग्रेजी विषयमा स्नातक उत्तीर्ण **जितेन्द्र कुमार कुशवाहा** करिब पाँच वर्ष शिक्षण पेशामा सक्रिय थिए । हाल बेयरफुट लयर्स नेपालमा अनुसन्धानकर्ताको रूपमा आबद्ध उनले राज्य विहीनहरूको हकअधिकारको लागि बहस-पैरवी गर्दै आएका छन् ।

भारत आगराको भालु संरक्षण केन्द्रमा छ वर्ष काम गर्दा वन र वन्यजन्तु संरक्षणमा राम्रो अनुभव प्राप्त गर्ने अवसर पाएका **देवनारायण मण्डल**ले आफ्नो बाल्यकालमा समय बिताएको धनुषाधाम संरक्षित वनको संरक्षण र विकासमा आफूलाई समर्पित गरेका छन् । मिथिला वाइल्डलाइफ ट्रष्टका संस्थापक उनी सर्प-दंशबाट हुने मृत्युदर न्यूनीकरणका लागि पनि उत्तिकै सक्रिय छन् । संस्थागत रूपमा पहिलो पटक नेपालमा सर्प उद्धारका काम शुरू गरेका मण्डलले वन्यजन्तुको संरक्षणको क्षेत्रमा राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा ख्याति कमाएका छन् ।

आमसञ्चार तथा पत्रकारिता विषयमा स्नातकोत्तर **बीपी साह**ले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मिडियामा डेढ देशक काम गरेका छन् । अनलाइन न्यूज मिडिया एवं सामाजिक सञ्जाल र त्यहाँ प्रस्तुत हुने विषयमा गम्भीर चासो राख्ने साहले मिडिया साक्षरता बढाउन देशको विभिन्न भागमा प्रशिक्षण समेत दिँदैआएका छन् । साथै, मिडिया मार्फत प्रकट हुने सामाजिक विभेद, गालीबेइज्जती, सामुदायिक द्वेष लगायतका घटनाहरू न्यूनीकरण गर्ने विविध सचेतनामूलक गतिविधिमा पनि उनी संलग्न छन् ।

महोत्तरी जिल्ला निवासी **मन्जु यादव**ले त्रिभुवन विश्वविद्यालयबाट जनसंख्या अध्ययन विषयमा एमफिल गरेकी छन् । विगत दुई दशकदेखि निरन्तर सामाजिक र राजनीतिक आन्दोलनमा क्रियाशील उनी मधेश प्रदेशको पहिलो प्रदेश सभा (२०७४–२०७९) की सभासद् हुन् । उनले विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामा अनुसन्धाताको रूपमा समेत काम गरेकी छन् । साथै, उनी सामाजिक विभेदका विरुद्ध विगत दश वर्षदेखि लेखन कार्यमा संलग्न छिन् । ईमेल : manjupam2@gmail.com

**रंजित कनौजिया**ले त्रिभुवन विश्वविद्यालयबाट समाजशास्त्र र ग्रामीण विकासमा स्नातकोत्तर गरेका छन् । उनले दुई दशकदेखि सरकारी, संयुक्त राष्ट्रसंघीय कार्यक्रम र विभिन्न अनुसन्धान तथा गैरसरकारी संघ-संस्थामा सामाजिक समावेशीकरणको विज्ञको रूपमा समेत काम गरेका छन् । हाल उनी स्थानीय सरकारको योजना सल्लाहकारको रूपमा कर्णाली प्रदेशमा कार्यरत छन् । ईमेल : rkanaujiya@gmail.com

**सल्मा खातुन** एक दशकभन्दा लामो समय पत्रकारिता र सामाजिक संघ-संस्थामा बिताएपछि प्रत्यक्ष राजनीतिमा प्रवेश गरेकी हुन् । विद्यार्थीकालदेखि नै अधिकारवादी आन्दोलनमा सक्रिय उनी वि.स. २०७४ को स्थानीय चुनावमा पर्सा जिल्लास्थित पोखरिया नगरपालिकाको उपमेयर पदमा निर्वाचित भइन् । आफ्नो कार्यकालमा शिक्षा, स्वास्थ्य तथा महिला सशक्तीकरणमा विशेष सक्रिय रहेकी खातुनको बालबालिका तथा युवाको शिक्षा एवं रोजगारीका क्षेत्रमा पनि विशेष भूमिका रह्यो । वि.सं. २०७९ मा प्रदेशसभा निर्वाचनमा उम्मेदवार समेत रहेकी उनी हाल विभिन्न संघ-संस्थामा संलग्न भई सामाजिक अभियन्ताको रूपमा कार्यरत छन् । इमेल : peacenepal2078@gmail.com

मधेश आन्दोलन पश्चात् अस्तित्वमा आएको चुरे भावर आन्दोलनको शुरूदेखि अन्त्य सम्मका अनेक उतार चढावलाई नजिकबाट नियालेका **सविन खनाल**, सर्लाही, बरहथवाका मूल निवासी हुन् । उनी हाल काठमाडौँमा रही अंग्रेजी विषय अध्यापन र विभिन्न समसामयिक विषयमा स्वतन्त्र लेखन गर्छन् । नेपाली, अंग्रेजी र बज्जिका भाषामा लेखन गर्न रुचि राख्ने सविन खनालले माघ २०६३ को मधेश विद्रोहभन्दा पहिले नै "मधेश आन्दोलन : आवश्यकता र चुनौती" शीर्षकमा लेख लेखेर नेपाली राजनीतिक दल, राज्य सञ्चालक एवं आम जनमानसको ध्यानाकर्षण गराउने प्रयास गरेका थिए । इमेल : sabin.khanal@gmail.com

राजनीति शास्त्र र मैथिलीमा स्नातक **सुरेन्द्र कुमार कामति** मधेश प्रदेशको सिरहा जिल्लामा बसेर ग्रामीण मुद्दाहरूसँगै सुशासनका क्षेत्रमा खोज-अनुसन्धानमा सक्रिय छन् । उनी वि.सं. २०१२ मा स्थापना भएको सिरहा पुस्तकालयको २०७६ सालदेखि उपाध्यक्ष छन् । वि.सं. २०६५ देखि पत्रकारिता गर्दैआएका उनी *नयाँ पत्रिका* दैनिकमा मधेश प्रदेशका सुशासन र विभिन्न सामाजिक विषयमा खोजमूलक समाचार लेख्छन् । ईमेल : news497surendra@gmail.com

**देवराज हुमागाईं** मार्टिन चौतारीमा आबद्ध अनुसन्धाता हुन् । नेपाली मिडियाका विविध पक्षमाथि लामो समयदेखि अनुसन्धान गर्दैआएका उनी प्राज्ञिक अनुसन्धानको पूर्वाधार र नागरिक संघ-संगठन सम्बन्धी नीतिगत पक्ष बारेको अध्ययनमा पनि रुचि राख्छन् । उनी *समाज अध्ययन* जर्नलका सम्पादक हुन् । इमेल : devrajhumagain@gmail.com

मार्टिन चौतारीका अनुसन्धाता **सोहन प्रसाद साह**ले जवाहरलाल नेहरू विश्वविद्यालयबाट विज्ञान, प्रविधि र नवप्रवर्तनबारे विद्यावारिधि गरेका हुन् । विज्ञान प्रविधिका साथ-साथै नेपालको तराई मधेशका विभिन्न मुद्दाबारे उनले कलम चलाएका छन् । उनी विज्ञान, प्रविधि र समाज सँगको अन्तर्सम्बन्धबारे अध्यन-अनुसन्धानमा रुचि राख्छन् । इमेल : sohansha@gmail.com